## प्रजननका लागि भाले बङ्गुरको छनोट

- बङ्गुर भाले वा ब्ययबच भन्नाले प्रजननका लागि पालिएको वयस्क अवस्थाका भाले बङ्गुरलाई जनाउँछ । प्रजननको भालेलाई सम्पूर्ण बथानको आधा हिस्सा भन्ने गरिन्छ, किनभने बथानमा जन्मिने हरेक पाठापाठीमा भालेबाट आधा गुणहरू वंशाणुका माध्यमबाट सर्ने हुन्छ । बङ्गुर भालेले बथानको उत्पादनक्षमता वृद्धि गर्नमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने भएकाले गुणस्तरीय भालेको छनोट गरी उपयुक्त प्रजननविधि अपनाउनुपर्दछ ।
- धेरै पाठापाठी जन्माई हुर्काउने माऊबाट जन्मेका एकनाससँग हुर्केका पाठाहरूमध्ये सबैभन्दा राम्रो वृद्धिदर र शारीरिक आकृति भएको उत्कृष्ट भालेको छनोट गर्नुपर्दछ ।
- बङ्गुरमा हाडनाता प्रजनन हुनबाट जोगाउन धेरै माऊसँग नाता नपर्ने भालेको छनोट गर्नु वेश हुन्छ ।
- भालेको शरीर लामो र चौडा भएको, छाती र पछाडिको फिलातिर टम्म मासु लाग्ने खालको भएमा राम्रो मानिन्छ ।
- रोगबाट मुक्त र बोसो कम लाग्ने भालेको छनोट गर्नुपर्दछ ।
- भालेको अविकसित स्तन वा थुनको सङ्ख्याले त्यसबाट जन्मिने पाठीको थुनसङ्ख्यामा असर पर्ने हुँदा कम्तीमा १२ वटा अविकसित स्तन भएको भालेलाई छान्नुपर्दछ ।
- भालेमा आफ्ना सन्तानको उत्पादनक्षमतामा वृद्धि गर्ने अन्तर्निहित गुणका साथै शारीरिक रूपले स्वस्थ, नश्लअनुसारको रूप, रङ्ग, गुणयुक्त एवं फुर्तिलोपना हुनुपर्दछ । भालेलाई २० देखि ३० हप्ताको उमेर पुगेपछि अन्तिम रूपले छनोट गर्नु वेश हुन्छ ।
- भालेमा भएको शारीरिक वृद्धिदर र मासुको गुणस्तर सन्तानमा पनि सर्ने हुन्छ । प्रजननका लागि सकभर बढी माऊ बङ्गुर पालिएका फार्मबाट भाले ल्याउनु वेश हुन्छ, किनभने त्यस्ता फार्महरूमा राम्रो भालेको छनोट गर्ने अवसर प्राप्त हुन्छ ।
- विभिन्न रोगविरुद्ध खोप लगाइएको र परजीवी र ब्रुसेलोसिस रोगबाट मुक्त स्वस्थ र सुन्दर भालेको छनोट गर्नुपर्दछ ।
- भाले बङ्गुरको खुट्टामा पनि ध्यान पुऱ्याउनु आवश्यक हुन्छ, किनभने खुट्टामा समस्या भएमा बाली लाग्न सक्तैन । त्यसैले भालेको खुरको भाग र प्यास्टर्न जोर्नी लामो नभएको, कमजोर र आकृति नबिग्रेको, हिँडाइ सामान्य भएको भालेको छनोट गर्नु उत्तम हुन्छ ।
- भालेको अण्डकोष सामान्य आकारको, पूर्णरूपले वकसित भएको, दुवै अण्डकोष बराबर भएको र कुनै पनि विकृति नभएको हुनुपर्दछ । भालेको अण्डकोषको आकारले शुक्रकीट उत्पादन गर्ने क्षमतालाई दर्शाउँछ, तर यौनेच्छा र मैथुनको योग्यताका बारेमा भन्न सकिँदैन ।
- भालेका दुवै अण्डकोषहरू पूर्णरूपले अण्डकोषको थैलीमा झरेको हुनुपर्दछ । कुनै-कुनै भालेमा एक वा दुवै अण्डकोष थैलीमा झरेको हुँदैन । त्यस्ता भाले प्रजननका लागि उपयुक्त हुँदैनन् ।
- भालेको उमेर तीस हप्ता पुग्दा बथानका अन्य बङ्गुरसँग मिसाउने गरेमा उनीहरूमा बाली लगाउने क्षमता बढ्ने पाइएको छ । वयस्क भएपछि भालेलाई पोथीहरूको गोठनजिक राख्ने गरिएमा भालेको यौनेच्छामा कमी हुन पाउँदैन ।
- भाले र पोथीको अनुपात १:१० देखि १:२० राख्न सकिन्छ, तर एउटा भाले मात्र राख्नु जोखिम भएकाले साना बथानमा पनि २ वटा भाले राख्नु उपयुक्त हुन्छ । कृत्रिम गर्भाधानसेवा उपलब्ध छ भने भालेको सङ्ख्या कम राखिए पनि हुन्छ ।
- कलिलो उमेरको (३० हप्ताभन्दा मुनिको) भालेबाट प्रजनन गराउनु राम्रो हुँदैन, किनभने यसले गर्दा भालेको सेवा दिने अवधि र प्रजननक्षमता दुवैमा कमी भएर जान्छ ।
- नयाँ भालेबाट बाली लगाउँदा सुरुमा भालेलाई तालिम दिनु आवश्यक हुन्छ । पहिलोपटक बाली लगाउँदाको अनुभवले भालेको प्रजननक्षमतामा असर पर्ने हुन्छ । ठूला र आक्रामक माऊहरूबाट हुने व्यवहारका कारण नयाँ भालेमा यौनेच्छा (लिबिडो) मा कमी हुन सक्तछ । त्यसैले सुरुसुरुमा नयाँ भालेलाई शान्त स्वभावको माऊ ऋतुकालमा आएको अवस्थामा बाली लगाउनु वेश हुन्छ ।



Design: www.colornpixel.com

# प्रजनन्का लागि छतौरी पाठी र भाले बङ्गुरको छनोट



साना किसान विकास बैंक लि.
सुविधानगर, तिनकुने, काठमाडौं
फोन नं.: ०१-४१११८२८/४१११७५२
**Email:** info@skbbl.com.np **URL:** www.skbbl.com.np



दीर्घकालीन रूपमा बङ्गुरको उत्पादकत्व वृद्धि गर्नका लागि बथानमा निरन्तर रूपमा भाले-पोथीको छनोट गरी उच्च क्षमता भएका बङ्गुरहरूको पहिचान गर्नुपर्दछ । यसका लागि आर्थिक महत्व भएका विभिन्न गुणहरूको अध्ययन र तुलना गर्नुपर्दछ । यसमा मुख्यतः शारीरिक वृद्धिदर, बङ्गुरले खाएको दानालाई मासुमा बदल्ने अनुपात (FCR), मासुको गुणस्तर, पाठापाठी जन्माउने र हुर्काउने दर महत्वपूर्ण हुन्छन् ।

बङ्गुरको छतौरी पाठीको छनोट :

छतौरी पाठीलाई अङ्ग्रेजी भाषामा गिल्ट भनिन्छ । गिल्ट भनेका प्रजननका लागि हुर्काउँदै गरेका बङ्गुरका छतौरी हुन् जसले गर्भधारण गरेका छैनन् वा गर्भधारण गरी पहिलो पटक ब्याउने अवस्थामा छन् । छतौरी पाठीहरूको छनोट निम्नलिखित बुँदाहरूका आधारमा गरिन्छ –

- छतौरीहरू कुनै शारीरिक खोट नभएका र पूर्णरूपले स्वस्थ हुनुपर्दछ ।
- सरदर ६ महिनाको उमेर र ८० देखि ९० किलो तौल पुगेपछि छतौरीहरूको छनोट गर्नुपर्दछ । उनीहरूलाई मासुका लागि पालिएको बथानबाट अलग गरी छुट्टै हुर्काउने व्यवस्था गर्नुपर्दछ ।
- कुनै पुस्तैनी अवगुणहरू नभएकामध्येबाट छतौरीको छनोट गर्नुपर्दछ ।
- १२ वटा वा त्यसभन्दा बढी सक्रिय थुन भएका र बढी दूध दिने वंशका छतौरीको छनोट गर्नुपर्दछ ।
- उच्च प्रजननदर भएका, धेरै पाठापाठी जन्माई हुर्काउने र चाँडै वयस्क हुने वंशबाट छतौरीको छनोट गर्नुपर्दछ ।
- ठूलो शारीरिक बनावट भएका, बलियो अस्थिपञ्जर भएका र शरीर र खुट्टाहरू मिलेको हुनुपर्दछ ।
- उच्च गुणस्तरीय माऊबाट जन्मेका स्वस्थ छतौरीलाई प्रजननका लागि छनोट गर्नुपर्दछ ।
- छतौरी पाठीहरू हलक्क बढने र दानालाई शारीरिक तौलमा बदल्ने अनुपात (FCR) राम्रो भएको हुनुपर्दछ ।
- प्रजननका लागि छनोट गर्ने छतौरीको शरीरमा धेरै बोसो नलागेको र मांसपेशीहरू विकसित भएको हुनुपर्दछ ।
- बङ्गुरपालन व्यवसायको मुनाफामा प्रभाव पार्ने गुणहरूमध्ये पाठापाठी हुर्काउने क्षमता प्रतिमाउ प्रतिवर्षलाई लिन सकिन्छ । बथानमा पालिने प्रत्येक माऊ बङ्गुरमा बर्सेनी धेरै सङ्ख्यामा स्वस्थ र उच्चस्तरीय पाठापाठी हुर्काउने क्षमता हुनुपर्दछ । त्यसैले गुणस्तरीय छतौरी पाठीहरूको छनोट गरी भविष्यमा माऊका रूपमा हुर्काउने व्यवस्था मिलाउनुपर्दछ । कम्तीमा दसवटा जीवित पाठापाठी जन्मेको समूहबाट छतौरी पाठीहरूको छनोट गर्नुपर्दछ ।
- यथाशक्य बाहिरबाट पाठी नल्याई आफ्नै बथानमा जन्मेका पाठीहरूको छनोट तिनीहरूका बाबुआमाको गुण, उत्पादनक्षमता र तिनका दौँतरीहरूको तुलनामा उच्च गुणस्तरका आधारमा गर्नुपर्दछ ।
- बाहिरबाट छतौरीहरू ल्याउँदा बथानमा रोग सर्ने ठूलो जोखिम हुन्छ तर ल्याउनैपर्ने भएमा ठूलो बथानमा पालिएको, अभिलेख दुरुस्त राखिएको विश्वासिलो स्रोतबाट ल्याई २ हप्तासम्म निगरानीमा अलग्गै राखी आवश्यक खोपहरू लगाएर मात्र बथानमा मिसाउनुपर्दछ ।
- छतौरी पाठीको थुनसङ्ख्या र उनीहरूको आकारप्रकार अत्यन्त महत्वपूर्ण हुन्छ । छतौरी पाठीमा कम्तीमा पनि एकापट्टि ६ देखि ७ वटा र अर्कोपट्टि पनि ६ देखि ७ वटा थुनहरू एकनाससँग मिलेका र बराबरको फरकमा भएका हुनुपर्दछ ।
- थुनहरू दुई सिधा लहरमा र पेटको अघिल्लो भागतिर भएका वेश हुन्छ । किनभने प्रायः पछाडिपट्टिका थुनहरू माऊको तिघ्रामुनि छोपिएर पाठापाठीले चुस्न नसक्ने हुन्छन् । कुनै-कुनै थुन बन्द अथवा काना हुने भएकाले थुनलाई राम्रोसँग जाँच्नुपर्दछ ।
- मोटा र छोटा थुनहरूको सट्टा पातला र लामा थुनहरू भएका छतौरी छान्नुपर्दछ । यी गुणहरूको अवलोकन गर्न छतौरी पाठीहरूलाई नियन्त्रणमा लिई थुन र खुट्टाको राम्रोसँग जाँच गर्नुपर्दछ ।
- छतौरीहरूको योनिद्वार वा सूत नसुन्निएको, सामान्य आकारको र पूर्ण विकसित भएको हुनुपर्दछ । खुट्टा बलियो र खुरमाथिको जोर्नी (प्यास्टर्न) बलियो हुनुपर्दछ ।
- पछाडिपट्टिको शरीर र करङ फुकेको र शरीरको आकार आयताकार भएको छतौरी छान्नु पर्दछ । पाठीहरू शान्त तर चनाखा र सक्रिय हुनुपर्दछ । पाठीहरू आक्रामक हुने, टोक्न खोज्ने वा तर्सिने भएमा उपयुक्त हुँदैनन् ।
- छतौरा पाठीहरू ७ वा ८ महिनाको उमेरमा छनोट गर्दा ८० देखि ९० किलो तौल पुगेको हुनुपर्दछ । त्यसपछि विशेष खुराकका साथै पर्याप्त व्यायाम पाउने गरी व्यवस्थापन गरी छतौरी पाठीहरू बढी मोटो नहुने गरी हुर्काउनुपर्दछ ।
- छनोट गरिएका छतौरी पाठीहरूलाई वयस्क भालेसँग दैनिक बीस मिनेटसम्म छाड्ने गर्नुपर्दछ । यसो गर्नाले छतौरी पाठीमा यौन परिपक्वता छिट्टै आउँछ । अन्य मुलुकमा बन्ध्याकरण गरिएको भालेलाई छतौरीको बथानमा मिसाउने गरिन्छ ।
- भर्खर पाठापाठी छुट्याएको माऊलाई छतौरीहरूको बथानमा मिसाउँदा माऊको पिसाबमा हुने इस्ट्रोजन हार्मोनको प्रभावले गर्दा छतौरी पाठीहरू छिट्टै ऋतुकालमा आउने तथ्य अनुसन्धानबाट देखिएको छ ।
- छतौरीलाई पहिलोपटक बाली लगाउँदा वयस्क र अनुभवी भालेबाट बाली लगाउनु उपयुक्त हुन्छ ।



आठ जोडी बराबर आकारका थुन भएकी छतौरी



राम्रो सक्रिय थुन भएकी गर्भिणी छतौरी